प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, कार्तिक १२ गते, २०७८ साल (अतिरिक्ताङ्क ४१

भाग ३

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/७/१२ को निर्णयानुसार मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची २ मा गरिएको हेरफेर सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची - २ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) अनुसूची २ को तालिकामा क्रमसंख्या ३ को सट्टा नयाँ क्रमसंख्या राखी क्रमसंख्या मिलाउने र कायम हुन आएको क्रमसंख्या ७ पछि क्रमसंख्या ८ र ९ थप गरी क्रमसंख्या मिलाउने । यसरी कायम हुन आएको क्रमसंख्या ११ को मुख्यमन्त्री शिर्षकको कोलममा रहेको १ को सट्टा २ कायम गरी देहाय बमोजिम मिलाउने ।

क्र.सं.	सचिवालयमा रहने कर्मचारीहरुको विवरण	इकाई	मुख्यमन्त्री	मन्त्री	राज्यमन्त्री	सहायक मन्त्री
१	वित्त सल्लाहकार	जना	१	-	-	-
२	दोभाषे (अधिकृतस्तर छैठौंतह सरह)	जना	१	-	-	-
३	फोटो ग्राफर (सहायकस्तर पाँचौतह सरह)	जना	१	-	-	-
४	स्वकीय कार्यालय	जना	२	-	-	-

	सहयोगी (प्रथमस्तर)					

(ख) अनुसूची २ को द्रष्टव्यको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राख्ने ।

"३. क्रमसंख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रमसंख्या १ को राजनीतिक सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको राज्यमन्त्री सरह र क्रमसंख्या २ को जनसम्पर्क सल्लाहकार र क्रमसंख्या ३ को वित्त सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको सहायक मन्त्री सरह हुनेछ।"

आज्ञाले,
राजेन्द्र थापा
प्रदेश सचिव

प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय